OPERATION WHITE DUST

# प्रेस विज्ञप्ति- ३०९

# Press Release- 309

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौ ।
मिति: २०७९।०३।०९ गते ।

## बिदेशी नागरिकका साथबाट लागु औषध हेरोईन ४.९ किलोग्राम बरामद:

लागु औषध नियन्त्रण ब्यूरोले नेपालमा साउथ अफ्रिकाबाट आएका केही मानिसहरुलाई पटक पटक लागु औषध हेरोईन सहित पक्राउ गरेको बिगतको अनुभबका आधारमा Criminal Profiling गरी त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलमा निरन्तर निग्रानी राखि काठमाण्डौ उपत्यका तथा वरपरका एरियामा सन्चालन गरेको निग्रानी तथा कारवाहि का क्रममा थप ४.९ के.जि. हेरोईन सहित ३ जना बिदेशी नागरीक १ जना नेपाली गरी जम्मा ४ जना मानिसहरू पक्राउ गरिएको र निजहरु उपर लागु औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम लागु औषध हेरोईन मुद्दामा म्याद थप गरी थप अनुसन्धान गर्ने कार्य भईरहेको ।

- Fly Dubai को उडान द्वारा Johannesburg/South Africa, Dubai हुदै काठमाडौंमा मिति २०७९।०३।०२ गते ८:४० बजे अवतरण भएका **तान्जानियन नागरिक** पासपोर्ट नम्वर TAE115943 बाहक बर्ष ३० को **ABDALLAH ABUULIKI** को गतिविधी शंकास्पद देखिएकोले ला.औ.नि. व्यूरोबाट खटिएको प्रहरी टोलीले निग्रागी गर्दै जाने क्रममा मिति २०७९।०३।०२ गते १५:०० बजेको समयमा जिल्ला काठमाडौं का.म.न.पा. वडा न. ६ बौद्ध स्थित एक होटलबाट निजले साथमा ल्याएको सुटकेस भित्र पिँधको भागमा रहेको फल्सबटमबाट **लागु औषध हेरोईन ४ किलो ९०० ग्राम** सहित पक्राउ गरिएको ।
- साथै भारतको हरियाणा राज्यबाट लागु औषध लिन आएको अवस्थामा मिति २०७९।०३।०२ गते १६:०० बजेको समयमा जिल्ला काठमाडौं का.म.न.पा. वडा न.६ बौद्ध स्थित एक होटलबाट भारत हरियाना राज्य, रोतक जिल्ला, साप्ला तसिलगान्दा ठेगाना भएका बर्ष ४६ को मुनिम सिंह (भारतीय नागरीक), ऐ. ऐ. ठेगाना भएका बर्ष ४३ को बिक्रमजित सिंह (भारतीय नागरीक) साथै जि.पर्सा, बिरगंज म.न.पा. वडा नं १३ ठेगाना भएका बर्ष ३० को बिक्की रौनियार (नेपाली नागरीक) समेतलाई पक्राउ गरिएको ।





**कार्यालय प्रमुख**
**(जीवन कुमार श्रेष्ठ)**
**प्रहरी उपरीक्षक**







Contact no.:014611048, email: ncb@nepalpolice.gov.np, www.ncb.nepalpolice.gov.np, facebook.com/ncb.nepol